# मार्मा गाउँपालिका राजपत्र

खण्ड:८ संख्याः २ मितिः २०८१/०३/२०

भाग:१

# विनियोजन ऐन, २०८१

## मार्मा गाउँपालिका
## लटिनाथ दार्चुला
## सुदूरपश्चिम प्रदेश नेपाल

# मार्मा गाउँपालिकाको विनियोजन ऐन,२०८१

**प्रस्तावनाः** मार्मा गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मार्मा गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **" मार्मा गाउँपालिकाको विनियोजन ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित **चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम** समेत गरी जम्मा रकम रु (अक्षेरुपी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त मार्मा गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको

निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

**(३)उपदफा** (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि–१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र. सं. | अनु दान सं ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्ति य व्यव स्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउकार्यपालिका | २७,०४,७५,६३२.१८/- | १७,६३,९२,०००/- | | ४४,६८,६७,६३२.१८/- |
| २ | | वडा समिति | २९,५०,०००/- | ६८,५०,०००/- | | ९८,००,०००/- |
| ३ | | बिषयगत शाखा | ५,६७,९७,०००/- | ५,००,०००/- | | ५,७२,९७,०००/- |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयरऋण) | | | | |

**आज्ञाले**

**नन्दन सिंह ठगुन्ना**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**